**मिति २०८१ साल माघ २४ गतेको गाउँ सभाको दोश्रो बैठका निर्णयहरु:**

१. मिति २०८१ पौष २४ गते गाउँसभाको पहिलो बैठकमा सभाका अध्यक्षबाट रुरुक्षेत्र गाउँपालिकाको आ.व. ०८१/०८२ को नीति तथा कार्यक्रमको कार्यान्वयनको समिक्षा तथा कार्यक्रम तथा बजेट संशोधनका लागि पेश भएकोमा सो पेश भए बमोजिम नीति तथा कार्यक्रमको कार्यान्वयनको समिक्षा र कार्यक्रम तथा बजेट संशोधन स्वीकृत गर्ने ।

२. आर्थिक विकास समिति संयोजक श्री घनश्याम अर्यालले पेश गर्नुभएको देहाय अनुसारको आर्थिक ऐन, २०८१ लाई सर्बसम्मतरुपमा संशोधन गर्ने ।

श्रीमान गाउँसभाका अध्यक्षज्यू, उपाध्यक्षज्यू , गाउँसभाका सदस्यज्यूहरु साथै राष्ट्रसेवक कर्मचारीज्यूहरु:

सोन्हौ गाउँसभाबाट गाउँपालिकाको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न आर्थिक ऐन, २०८१ तर्जुमा गरिएको थियो । उक्त आर्थिक ऐनमा मनोरञ्जनात्मक क्रियाकलाप अन्तर्गत स्केटिङ्ग पार्क दर्ताको लागि शुल्क निर्धारण नभएको हुँदा मिति २०८१ पौष ४ मा बसेको सातौ गाउँ कार्यपालिका बैठकले रु. ५ हजार निर्धारण गरी गाउँ सभामा पेश गर्ने निर्णय गरेको हुँदा आर्थिक ऐन, २०८१ को दफा ३ मा गाउँपालिकाले आफ्नो क्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवामा पूँजीगत लगानी र आर्थिक कारोबारका आधारमा अनुसूची-२ बमोजिम व्यवसाय कर लगाईने र असुल उपर गरिनेछ भन्ने उल्लेख भएकोले उक्त अनुसूचीको क्र.सं. १०५ मा स्केटिङ्ग पार्क दर्ताको लागि रु. ५,०००/- (अक्षरुपी पाँच हजार) थप गर्न यस सम्मानित सभामा प्रस्ताब पेश गर्दछु ।

३. लेखा समिति संयोजक श्री थर्क बहादुर कुँवरले पेश गर्नुभएको देहाय अनुसारको रुरुक्षेत्र गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालयको हालसम्म रहेको अद्यावधिक बेरुजु जानकारी गराईयो ।

श्रीमान गाउँसभाका अध्यक्षज्यू, उपाध्यक्षज्यू , गाउँसभाका सदस्यज्यूहरु साथै राष्ट्रसेवक कर्मचारीज्यूहरु:

रुरुक्षेत्र गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालयको हालसम्म रहेको अद्यावधिक बेरुजुहरु सम्मानित सभासमक्ष पेश गर्ने अनुमति चाहन्छु ।

आ.व. २०८०/०८१ सम्मको बेरुजु रु. १२ करोड ६ लाख रहेकोमा आ.व. २०७९/०८० को कुल बेरुजु मध्ये ३६ लाख ५४ हजार सम्परिक्षण गरी ९९ लाख २६ हजार बाकी रहेको देखिन्छ । आ.व. २०८०/०८१ मा कुल २ करोड २२ लाख ४८ हजार प्रारम्भिक बेरुजुमध्ये १ करोड ४७ लाख ३० हजार ८ सय ३० सम्परिक्षण गरी ७५ लाख १७ हजार बाँकी रहेको छ । अघिल्लो आ.व. २०८०/०८१ सम्मको सम्परिक्षण गरी हालसम्मको अद्यावधिक बेरुजु (नियमित गर्नुपर्ने, असुल गर्नुपर्ने र प्रमाण पेश गर्नुपर्ने) रु. १० करोड २२ लाख १५ हजार रहेको छ । उक्त बेरुजु संपरिक्षण गरी हटाउने कार्य अगाडी बढाउन गाउँ कार्यपालिकाको कार्यालयलाई सम्मानित सभा मार्फत अनुरोध गर्दछु ।

# रुरुक्षेत्र गाउँपालिका
## गाउँसभाको सत्रौं अधिवेशनमा गाउँपालिका अध्यक्षको सम्बोधन

गाउँसभाका सबै सदस्यज्यूहरु,

रुरुक्षेत्र गाउँपालिकाको गाउँ सभाको सत्रौं अधिवेशनको गरिमामय सभामा उपस्थित सम्पूर्ण सभा सदस्यज्यूहरुलाई गाउँपालिकाको तर्फबाट र मेरो व्यक्तिगत तर्फबाट हार्दिक स्वागत गर्दछु । रुरुक्षेत्र गाउँपालिकाको अध्यक्षको हैसियतमा चालु आर्थिक वर्षमा कार्यान्वयनमा रहेका योजना, कार्यक्रमहरु थप तथा बजेट संशोधनको लागि आव्हान गरिएको यस सभामा सम्बोधन गर्न पाउँदा अत्यन्त हर्षित भएको छु ।

जनताको त्याग, संघर्ष र बलिदानबाट प्राप्त उपलब्धीबाट २०७२ सालमा संघीय गणतान्त्रिक शासन व्यवस्था सहितको नेपालको संविधान जारी भए पश्चात जनताको नजिकको सरकारको रुपमा स्थानीय सरकारहरु कृयाशिल रहेका छन् । स्थानीय सरकारले आफ्नो अधिकार क्षेत्र भित्रका विषयमा बनाउन सक्ने विभिन्न योजनाहरु तथा बजेटलाई संशोधन गर्ने, पेश गर्ने तथा यथेष्ट छलफल पश्चातः पारित गरी कार्यान्वयनमा ल्याउने यस गरिमामय क्षणमा म गाउँसभाका सदस्यहरु, गाउँपालिकाका राजनीतिक दल, समाजसेवी एवं राष्ट्रसेवकहरुको योगदानको उच्च मूल्याङ्कन गर्दछु ।

नेपालको संविधानले परिकल्पना गरेको **"सिंहदरबारको अधिकार गाउँगाउँमा"** भन्ने राज्यको मुल नारालाई जनमानसमा पुऱ्याउन स्थानीय सरकारको तर्फबाट अधिकतम प्रयास गरीरहेका छौं । हामीले चालु आ.व. ०८१/०८२ मा कार्यान्वयनमा ल्याएको नीति, कार्यक्रम र बजेटलाई आवश्यक संशोधन गरी सम्पन्न गर्न बाँकी रहेका योजनाहरु तोकिएको समयमै सम्पन्न गर्न विभिन्न योजनाहरु तथा बजेटलाई यस सभाबाट सर्वसम्मत रुपमा पारित गर्न उपस्थित भएका छौं ।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार तयार भएका विभिन्न योजना तथा बजेटलाई कार्यान्वयनका चरणमा देखिएका विभिन्न समस्याहरुलाई समयमै संशोधन गरी उपयुक्त योजना तथा कार्यक्रमहरुमा बजेट व्यवस्था गरी कार्यान्वयनमा ल्याउन व्यापक रुपमा छलफल गरी यसै साथ संलग्न अनुसूचीमा उल्लेखित योजनाहरु संशोधन तथा थप गर्न मिति २०८१।०९।०४ गतेको कार्यपालिकाको बैठकबाट निर्णय भए अनुसारको कार्यसूचीलाई मिति २०८१।०९।२४ गतेको कार्यपालिकाबाट स्वीकृत गरी आजको यस सम्मानित सभाको कार्यसूचिमा राखिएको छ जुन यस सभाबाट सर्वसहमतिमा पारित हुनेछन भन्ने आशा तथा विश्वास व्यक्त गर्न चाहान्छु ।

गाउँसभाका सदस्यज्यूहरु

कानूनी राज्यको अभ्यास भएको मुलुकमा कानून अत्यन्त आवश्यक हतियार हो त्यसैले रुरुक्षेत्र गाउँपालिकाले कानूनी राज्यको परिकल्पना गरि आवश्यक कार्यहरु गरिरहेको छ । सम्पूर्ण सभा सदस्यज्यूहरुले यसमा अर्थपूर्ण सहभागिता जनाई छलफलमा भाग लिइ आफ्नो कानून आफै बनाउने कार्यमा सफलता प्राप्त गर्नुहुनेछ भन्ने आशा तथा विश्वासका साथ म अब रुरुक्षेत्र गाउँपालिकामा चालु आर्थिक वर्षमा हालसम्म भएका प्रगति तथा वर्तमान समयमा रहेका समस्या तथा चुनौतिहरु प्रस्तुत गर्ने अनुमति चाहान्छु ।

**हाल सम्मको बजेट तथा खर्च विवरण**

कुल संशोधित बजेट रु ५७ करोड ८२ लाख ६१ हजार ५४४
पूँजीगत बजेट : २० करोड ४२ लाख २६ हजार ९८९
चालु बजेट : ३७ करोड ४६ लाख ८ हजार ४५५

**हाल सम्मको खर्च विवरण**

पूँजीगत बजेट खर्च : ३ करोड ६७ लाख ७७ हजार ११९ (२०%)
चालु बजेट खर्च : ९ करोड ४२ लांख ५९ हजार ०८४ (२५%)

**प्रकोप व्यवस्थापन कोष बजेट** : ३२ लाख ४५ हजार ९०१
खर्च : १५ लाख २१ हजार ६८८ (४७%)

**विविध खर्च खाता कोष बजेट : १ करोड १२ लाख ५२ हजार ७५५**
खर्च : ३० लाख (२७%) औधोगिग्राम निर्माणको पेश्की रकम

**न्यायीक समिति सम्बन्धी कार्यहरु**

संविधानमा व्यवस्था भएको प्रावधान अनुसार यस गाउँपालिकाका उपाध्यक्ष्यज्यूको संयोजकत्वमा गठन भएको न्यायीक समितिले गरेका कार्य प्रगति सबै भन्दा पहिला राख्न चाहान्छु ।

हालसम्म यस गाउँपालिकाको न्यायीक समितिमा १ वटा घरायसी सम्बन्धी मुद्धा दर्ता भएकोमा छलफल भई फर्छ्यौट गर्ने प्रकृयामा रहेको ।

हाल सम्मका मुख्य मुख्य प्रगतिहरु

क) सामाजिक विकास तर्फ

अ) स्वास्थ्य

- सुखी र समृद्ध रुरुक्षेत्र बनाउने अभियान अन्तर्गत गाउँपालिकाको आम नागरिकलाई गुणस्तरीय र सर्वसुलभ रुपमा स्वास्थ्य सेवा उपलब्ध गराउन रुरु प्राथमिक स्वास्थ्य केन्द्रलाई स्तरोन्नती गरी १५ शैयाको अस्पताल १४ करोड ४२ लाख ८२ हजारमा ६ सय ५९ रुपैयामा सम्झौता गरी निर्माण कार्य अन्तिम चरणमा रहेको छ । आगामी आ.व. को प्रथम चौमासिकमा उक्त अस्पताललाई संचालन गर्न संघीय सरकारसँग पहल गरिएको ।
- गाउँपालिकाका नागरिकहरुलाई प्रसुती सेवाको लागि तथा अशक्त असाहय र विपन्न नागरिकहरुलाई आकस्मिक उपचारको लागि निशुल्क एम्बुलेन्सको सेवा उपलब्ध गराईएको छ ।
- गाउँपालिकाका सबै नागरिकको आकस्मिक स्वास्थ्य सेवामा पहुँच पुऱ्याउन ३ वटा एम्बुलेन्स संचालन गरि स्वास्थ्यकर्मीहरुलाई सोही बमोजिम उत्प्रेरित बनाईएको ।
- गाउँपालिकाका नागरिकहरुको स्वास्थमा ख्याल गर्दै विभिन्न ल्याब रिपोर्टहरु स्थानीय स्वास्थ्य चौकीबाटै प्राप्त गर्ने गरी बलेटक्सार, बम्घा, ग्वादी र रिमुवामा प्रयोगशाला सेवा संचालन गरि सबै वडाका स्वास्थ्य संस्थाहरुबाट प्रयोगशाला सेवा उपलब्ध गराईएको ।
- स्वास्थ्य संस्थाहरुमा वर्षभरी नै नागरिकहरुलाई निशुल्क रुपमा नियमित औषधी उपलब्ध गराउनको लागि रु ७० लाखको टेण्डर आव्हान गरी औषधी खरिद सम्झौता अनुसार औषधीको आपूर्ति गर्ने व्यवस्था मिलाईएको । साथै रिडीमा रहेको प्राथमिक स्वास्थ्य केन्द्रको लागि समेत पहिलो पटक बोलपत्र आव्हान गरी ९३ लाखको औषधी खरिद गरिएको ।
- गाउँपालिकाका नागरिकहरुको मोतियाविन्दुको निशुल्क शल्यक्रियाको लागि नेपाल नेत्रज्योती संघ जिल्ला शाखा गुल्मीसँग सम्झौता गरि निशुल्क शल्यक्रियाको व्यवस्था मिलाईएको छ साथै गाउँपालिकाका नागरिकले आँखा उपचारको लागि तम्घास / पाल्पा जानुपर्ने बाध्यतालाई हटाउन गाउँपालिकाको रिडी बजारमा प्राथमिक आँखा उपचार केन्द्र स्थापना गरीएको छ ।
- पोषण, प्रजनन् स्वास्थ्य लगायत अन्य स्वास्थ्य सम्बन्धी विद्यालय स्वास्थ्य शिक्षा कक्षाहरु विद्यालयमा संचालन गरिएको ।
- गाउँपालिकाका नागरिकहरुलाई स्वास्थ्य उपचारको लागि निशुल्क रगत उपलब्ध गराउन रक्त संचारकेन्द्र बुटवलसँग सम्झौता गरि निशुल्क रगत उपलब्ध हुने व्यवस्था मिलाइएको ।

- गाउँपालिकाका नागरिकहरुलाई रोजगारीमा आबद्ध गराउन तथा सरकारी सेवा प्रवेशमा जागरुग गराउन लोकसेवा आयोग तथा शिक्षक सेवा आयोग तयारी कक्षा संचालनको लागि आवश्यक व्यवस्था मिलाईएको ।
- अटिजम भएका बालबालिकाहरुको शैक्षिक कृयाकलाप संचालनको लागि अटिजम पाठशाला पूर्वाधार विकासका कार्यहरु गरिएको ।
- संस्कृत शिक्षा हाम्रो संस्कारको पहिलो पाठ्शाला भएको हुँदा रुरु संस्कृत तथा साधारण मा.वि. मा गुरुकुल भान्से तथा अन्य पूर्वाधारको व्यवस्थापन गरिएको ।

**(ई) सामाजिक समावेशीकरण**

- गाउँपालिकामा आफ्नो विकास हाम्रै लागि भन्ने सोच अभिवृद्धि गरी टोलमा हुने विपद व्यवस्थापन, घरेलु तथा लैङ्गिक हिंसा, वातावरण संरक्षण अन्ध विश्वास तथा कुरुतीहरुलाई हटाई सभ्य समाज सिर्जना गर्न तथा वडा कार्यालयको सहयोगी संस्थाको रुपमा संस्थालाई जिवन्त राख्न टोल विकास संस्थालाई सुदृढीकरण गर्ने कार्य गरिएको ।
- गाउँपालिकाका नागरिकहरुले गुणस्तरीय खाद्य पदार्थ उपभोग गर्न पाउने हक स्थापित गर्न नियमित रुपमा बजार अनुगमन गर्ने प्रवन्ध मिलाईएको छ । बजार अनुगमन, मूल्य सूची र आपुर्ति व्यवस्था सहज वनाउन उद्योग वाणिज्य संघ तथा नागरिक समाजसँग छलफल तथा अन्तरक्रिया कार्यक्रम गरिएको ।
- गाउँपालिकाका न्यूनतम विद्युत उपभोग गर्ने सम्पूर्ण घरपरिवारलाई विद्युतको न्यूनतम महशुल गाउँपालिकावाट भुक्तानी गरिएको र लिफ्टिङ्ग खानेपानी योजनाहरुमा विद्युतको कारणबाट महशुल महङ्गो भएको आम नागरिकको गुनासोलाई सम्वोधन गर्दै लिफ्टिङ्ग खानेपानीको महशुलमा अनुदान दिन आवश्यक प्रकृया अगाडि बढाईएको ।
- गाउँपालिकामा एक घर एक धारा अभियान अन्तर्गत विभिन्न खानेपानी योजना संचालन गरि निकट भविष्यमा एक घर एक धारायुक्त गाउँपालिका घोषणाको लागि आवश्यक तयारी गरिएको साथै खानेपानी र सरसफाईलाई व्यवस्थित र प्रभावकारी बनाउन गाउँपालिकाको WASH Plan निर्माणको गरिएको ।
- राज्यबाटप्राप्त हुने सेवा सुविधावाट वन्चित हुन नपरोस तथा अपाङ्ग परिचय पत्र प्राप्त गर्न वडा तथा गाउँपालिकामा आउने जाने कार्य गर्दा नागरिकलाई कष्ट भएको महशुष गरी क र ख वर्गमा पर्ने अपाङ्गता भएका नागरिकहरुको आवश्यकतानुसार घरघरमा गई अपाङ्ग परिचय पत्र वितरण गर्ने कार्य गरिएको ।
- गाउँपालिकाको भाषा, संस्कृति, पराम्परागत झाँकीहरुलाई संरक्षण तथा संबर्धन गर्न आवश्यक व्यवस्था मिलाईएको साथै गाउँपालिकामा उत्पादित विभिन्न घरेलु खाद्य पदार्थको उपभोगलाई बढावा दिन रिडी बजारमा जिल्लामै प्रथम सडक खाना महोत्सव संचालन गरिएको ।

(ख) आर्थिक विकास तर्फ

कृषि तथा पशुपालन

- गाउँपालिकाका नागरिकहरूलाई कृषिमा प्रोत्साहन गर्दै कृषिमा आत्मनिर्भर बन्न तथा प्रविधि मैत्री कृषि प्रणालीलाई प्रोत्साहान गर्न कृषकको मागको आधारमा विभिन्न कृषि सामग्रीहरू अनुदानमा वितरण गर्न आवश्यक व्यवस्था मिलाईएको ।
- गाउँपालिकाको वडा नं. २ याङ्ग्रा चौरका कृषकहरूलाई धान, गहुँ, लगायतका कृषि बालिहरूको लागि थ्रेसर मेशिन खरिदको लागि आवश्यक प्रकृया अगाडि बढाईएको ।
- कृषकहरुले उत्पादन गरेका कृषि उपजहरूको बजारीकरणको लागि अन्य स्थानीय तह तथा संघ संस्था र सहकारीहरुसँग समन्वय र सहकार्य गरी बजारीकरणको लागि आवश्यक व्यवस्था मिलाईएको ।
- गाउँपालिकामा हेफर प्रोजेक्ट नेपालको प्राविधिक सहयोग तथा गाउँपालिकाको लगानीमा वडा नं. ४ दार्सिङ्गबासमा गुण प्रशोधन केन्द्र स्थापना गरीएको छ । गुणप्रशोधन केन्द्रबाट यस गाउँपालिकाको पहिचानको रुपमा रहेको उखुबाट गुड लगायत अन्य बस्तुहरु उत्पादन गरी बजारीकरण गर्ने लक्ष्य गाउँपालिकाको रहेको छ ।
- कृषिक्षेत्रसँग सम्बन्धित विकसित नवीनतम प्रविधिको बारेमा जानकारी गराउन तथा कृषकहरुको पीरमर्का, समस्या र गुनासोको सम्बोधन गर्दै कृषि उत्पादन वृद्धि गर्नको लागि कृषकसँग कृषि प्राविधिक कार्यक्रम संचालन गरिएको छ ।
- बाँदर/बदेल लगायत वन्यजन्तुहरुबाट कृषकहरुलाई परेको समस्यालाई न्यूनिकरण गर्नको लागि आवश्यक व्यवस्था मिलाई स्थानीय रोजगारी सृजना गरिएको ।
- गाउँपालिकामा गरिबी निवारणका लागि दिर्घकालिन परियोजना संचालन गर्ने तथा कृषकहरुले उत्पादन गरेका विभिन्न बस्तुहरुको बजारीकरण गर्ने कार्यको लागि संघ संस्थाको साझेदारीमा रुरुक्षेत्र कृषि परियोजना संचालन गरि बजारीकरणको आवश्यक व्यवस्था मिलाईएको छ ।
- कृषि क्षेत्रलाई आधुनिकिकरण गर्न गाउँपालिकाले अवलम्बन गरेका कार्यक्रमहरु बास्तविक कृषक सम्म पुर्याउन कठिनाई रहेको । गाउँपालिकाका बास्तविक व्यवसायिक कृषक पत्ता लगाई कृषिमा गरिएको लगानीबाट व्यवसायिक कृषि प्रवर्द्धन गरिएको कृषि परियोजना संचालन भए पश्चातको विवरण देहाय बमोजिम रहेको छ ।
  - दुध बिक्री प्रति दिन ९५० लि. बाट १४००+ लि. पुगेको ।
  - समुहबाट बजारिकरण निरन्तर भइरहेको हाल सम्म ६५ टन भन्दा बढी तरकारी बिक्री भईसकेको जसको मुल्य करिब ३५ लाख रुपैया रहेको छ ।

- ७७ वटा समुहमा ११९२ घरधुरी आवद्ध गरी नियमित बैठक, मासिक बचत, तालिम सञ्चालन गरीएको छ । हालसम्म ७७ समुहमा बचत रकम रु ६५,६०,५०० भएको ।
- ४ वटा महिला उद्यमी सहकारीलाइ एकिकरण गरी १ वटा वनाउने गरी अन्तिम चरणमा पुगेको ।
- ११२ घरधुरी विपन्न बोटेमाझी, गन्दर्भ र दलित समुदायलाइ परियोजनामा आवद्ध गरी आर्थिक तथा सामाजिक सशक्तिकरणको कार्यक्रमहरु सञ्चालन भइरहेको जसले गर्दा सदस्यहरुमा सामुहिक भावना र सामाजिक पुँजिको विकास भएको छ ।
- थप करिब ३०० रोपनीमा उँखु खेति बिस्तार भएको ।
- नयाँ ब्यवसायको रुपमा उच्च मुल्य कृषि बाली अकबरे खुर्सानी र मेवा खेती सुरु गरिएको ।

- गाई भैंसी पालक कृषकहरुका गाई भैंसी बीज वृद्धिको लागि निःशुल्क रुपमा AI को व्यवस्था मिलाइएको ।
- कृषकसँग प्राविधिक कार्यक्रम संचालन गर्दै किसानको गोठ गोठमा पुगेर किसानका पशुको उपचार, निःशुल्क औषधि र परामर्श दिने कार्य गरिएको ।

## (ग) भौतिक पूर्वाधार विकास तर्फः

- गाउँपालिका भित्र सडक विस्तार भन्दा संचालनमा रहेका सडकहरुलाई स्तरोन्ती गर्ने कार्यलाई प्राथमिकता दिई कार्यक्रम अगाडि बढाईएको छ । गाउँपालिकाको मुख्य प्राथमिकता वडा पहुँच मार्ग रहेको हुँदा सडकहरुलाई बाहै महिना संचालन गर्ने गरी मर्मत संभार गर्दै जटिल स्थानहरुमा सडक ढलान समेतका कार्यहरु गरि सडक सुधार गरिएको ।
- गाउँपालिकाका सडक निर्माण तथा अन्य पूर्वाधार निर्माण र मर्मत संभारको आवश्यक कार्य गर्न गाउँपालिकाको आफ्नै हेभी इक्यूप्मेन्ट ब्याको लोडर खरिद गरि यस वर्ष देखि नियमित सडक मर्मत संभार सम्बन्धी कार्य गाउँपालिकाको मेशिनबाट गरिएको छ ।
- गाउँपालिकामा विद्यालय भवन निर्माण, विद्यालय भवनसम्मको सडक पहुँचको स्तरोन्नती, कृषि उपज संकलन केन्द्र निर्माण सुधार, चौतरा-नेटा-लोक्मा सडक स्तरोन्तरी, धोविघाट-बम्घा सडक स्तरोन्तरी, रिमुवा सडक स्तरोन्ती, विभिन्न सिंचाई योजना, रुरुक्षेत्र वृहत खानेपानी योजना, विभिन्न धार्मिक तथा पर्यटकीय स्थलहरुको निर्माण लगायतका विभिन्न योजनाहरु संचालन गरिएको ।
- गाउँपालिकामा उत्पादित कृषि उपजहरुलाई लामो समय सम्म प्रयोग गर्न मिल्ने गरी गाउँपालिकाको वडा नं. १ मा वहुउद्देश्यिय चिस्यान केन्द्र निर्माणको कार्य भईरहेको छ ।

- रुरुक्षेत्र गाउँपालिका र स्याङ्जाको कालिगण्डकी गाउँपालिकाको साझेदारीमा रिडीबजारको पर्यटन क्षेत्रमा कार्य गर्न साहसिक खेल जिपलाईन निर्माणको लागि DPR तयार गरिएको छ । दुवै पालिकाको समन्वय बैठक बसी DPR बमोजिम दुवै पालिकाले सह लगानी गर्न प्रतिबद्धता जनाएको छ ।
- रुरुक्षेत्र गाउँपालिकालाई सुखी र समृद्ध गाउँपालिका निर्माणको लागि संघ तथा प्रदेश सरकारसँग आवश्यक समन्वय गरी पूर्वाधार निर्माणको लागि आवश्यतानुसार बजेट ल्याउने कार्य गरिएको ।

## घ) सुशासन तथा संस्थागत विकास

- सबल, सक्षम र सुशासनयुक्त स्थानीय सरकारको नीति अवलम्बन गर्दै भष्ट्राचारमा शून्य सहनशीलताको नीति लिई नागरिक केन्द्रित सेवा प्रवाहको व्यवस्था मिलाईएको ।
- गाउँपालिकाको संस्थागत विकास गर्दै अब्बल गाउँपालिकाको रुपमा स्थापित भई देशभरका गाउँपालिकाहरु मध्येबाट दोस्रो स्थान तथा लुम्बिनी प्रदेशमा पहिलो स्थानमा पर्न सफल भएको ।
- गाउँपालिकाको नीति तथा कार्यक्रमलाई प्रभावकारी रुपमा सम्पादन गर्न, कर्मचारीलाई जवाफदेही बनाउन, कार्य सम्पादन मूल्याङ्कनलाई वस्तुनिष्ठ बनाउन अध्यक्षसँग प्रमुख प्रशासकीय अधिकृत र प्रमुख प्रशासकीय अधिकृतसँग शाखा प्रमुखहरुको कार्य सम्पादन करार सम्झौता गरिएको साथै शाखा प्रमुखले आफू मातहतका कर्मचारीसँग कार्य सम्पादन करार सम्झौता गरी कार्ययोजना अनुसार नीति तथा कार्यक्रमलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्ने व्यवस्था मिलाईएको ।
- जनतालाई स्थानीय सरकारको सेवा सहज र सरल बनाउन यस वर्ष देखि सबै वडाबाट व्यवसाय नविकरणको कार्य गर्न वडा सचिवलाई अधिकार प्रत्यायोजन गरिएको ।
- गाउँपालिकाको गतिविधिहरुलाई डिजिटल सूचना पाटी,मोबाईल एप्स, सामाजिक सञ्जाल, एस.एम.एस. तथा वेबसाईट मार्फत सार्वजनिक गरी नागरिकको सूचनाको हकलाई सुनिश्चित गराउँदै गाउँपालिकाको सेवा प्रवाहलाई पारदर्शी बनाउँदै नागरिकहरुको घरघरमा सूचना प्रवाह हुने व्यवस्था मिलाईएको छ ।
- हाल ६ वटै वडा कार्यालयहरुमा आवश्यक कर्मचारीहरुको व्यवस्थापन गर्दै वडा कार्यालयहरु सञ्चालन गरी नागरिकको सेवा प्रवाह सम्बन्धीका कार्यहरु भैरहेका छन् । रिक्त पदहरुको वैकल्पिक व्यवस्था गरीएको तथा लोकसेवा आयोगमा पदपूर्तिको लागि आवश्यक प्रकृया अगाडि बढाई पदपूर्ति हुने क्रममा रहेको । हाल सबै वडाहरुमा वडा सचिव, प्राविधिक कर्मचारी र पशु तथा कृषि प्राविधिकहरु खटाई नागरिक केन्द्रित सेवा प्रवाहको व्यवस्था मिलाईएको ।

- नागरिकहरुलाई केन्द्रमा राखी प्रभावकारी सेवा प्रवाह मिलाउन कर्मचारीहरुको कार्य सम्पादनको आधारमा मुल्याङ्कन गरी प्रोत्साहन गर्न तथा नियमित सेवा प्रवाहमा खटिने व्यवस्था मिलाउनको लागि गाउँपालिकाको कार्यालय र अन्तर्गतका कार्यालयहरुमा विद्युतिय हाजिरी प्रणाली संचालन गरी कागजी हाजिरीलाई विस्थापित गरिएको छ ।
- नागरिकको घरदैलोमा गाउँपालिकाको सेवा प्रवाह उपलब्ध गराउने योजना अन्तरगर्त विभिन्न ११ प्रकारका सेवाहरु सहित एकीकृत घुम्ति सेवा सबै वडाहरुमा संचालन गरि १३३६ नागरिकहरु लाभान्वित हुनु भएको ।
- अबको स्थानीय सरकारको सेवा जनताको घरदैलोमा हुनु पर्छ भन्ने मान्यतालाई मनन् गर्दै वडा नं ६ बाट घर घरमा गई मृत्युदर्ता प्रमाणपत्र वितरण गर्ने कार्यको शुरुवात गरिएको ।
- गाउँपालिकाको सेवा प्रवाह, विकास निर्माण, सामाजिक तथा आर्थिक विकासमा आम नागरिकको पहुँच पुर्‍याउन तथा नागरिकप्रति जवाफदेही बन्दै नागरिकलाई सू-सूचित गर्न तथा आम नागरिकको चासो गुनासो र प्रतिकृयालाई संबोधन गर्न साप्ताहिक रुपमा संचालन हुने गरी **जनतासँग स्थानीय सरकार** रेडियो कार्यक्रम संचालन गरिएको ।
- गाउँपालिकाको कार्यालय तथा अन्तर्गतका कार्यालयहरुबाट संचालन हुने विभिन्न कृयाकलापहरुको बारेमा आम नागरिकलाई सु-सूचित गर्दै पारदर्शिता र जनउत्तरदायी सरकारको भावना जागृत गराउन चौमासिक समिक्षा तथा सार्वजनिक सुनुवाई कार्यक्रम सम्पन्न गरिएको ।
- गाउँपालिकाबाट नागरिकलाई उपलब्ध गराईने सबै किसिमका सेवा प्रवाहमा वडास्तर देखि नै फाइलहरुको अवस्थाको बारेमा जानाकारीको लागि फाइल ट्र्याकिङ सिस्टम लागू गर्न कर्मचारीहरुलाई प्रशिक्षण कार्यक्रम संचालन गरिएको र प्रणाली सूरुवात गर्ने चरणमा रहेको ।
- गाउँपालिकाका नागरिकहरुलाई सिप मुलक तालिमहरु संचालन गर्न विभिन्न निकायहरुसँग समन्वय सिप मुलक तालिमको लागि कार्य अगाडि बढाईएको ।
- गाउँपालिकामा विपद्को घटनामा परी घरबार पूर्ण रुपमा क्षती भएका नागरिकहरुको लगत संकलन गरी घर निर्माणको लागि सम्बन्धित निकायमा पहल गर्ने कार्य अगाडी बढाईएको
- विपद्बाट पीडित तथा आर्थिक अभावले औषधी उपचार लगायतको समस्यामा परेका नागरिकहरुलाई तत्काल राहत रकम दिने व्यवस्था मिलाईएको छ ।
- **हाम्रो र राम्रो पूर्वाधार** भन्ने अभियान संचालन गरी सार्वजनिक संरचनाहरुको संरक्षणमा **टोल विकास संस्थाहरुलाई** परिचालन गर्दै विभिन्न योजनाहरु टोल विकास संस्थासँग सम्झौता गरि कार्यान्वयन भैरहेको ।

**समस्या तथा चुनौतीहरु**

- उपलब्ध जनशक्तीबाट प्रभावकारी सेवा प्रवाहको व्यवस्था मिलाउने ।
- नयाँ घरहरु हालसम्म मापदण्ड विना निर्माण भैरहेका छन् । दक्ष डकर्मि र सिकर्मिको अभावमा मापदण्ड अनुसार घर निर्माण हुन नसकेको । घर निर्माण गर्ने जस्तो महत्वपूर्ण कार्यलाई अभियानको रुपमा मापदण्ड अनुसार बनाउने ।
- मनसुनजन्य तथा विपद्बाट क्षती भएका नागरिकहरुको घर निर्माण गर्दा जिल्ला विपद् व्यवस्थापन कोषबाट समयमै रकम प्राप्त नहुँदा नागरिकलाई तत्काल राहत उपलब्ध गराउन नसिकएको ।
- एकिकृत सम्पत्ति कर लागू गर्न नसकिएको । एकिकृत सम्पत्ति कर लागु गरी राजस्व वृद्धि गर्ने
- स्थानीय स्तरमा जनचेतनाको अभिवृद्धि गर्न कठिनाइ भएको कारण लक्षित वर्गको लागि सञ्चालन गर्ने उद्देश्य राखिएका कार्यक्रमहरु बास्तविक लक्षित वर्ग सम्म पुग्न नसकेको । जनचेतनाको अभिवृद्धि गरी लक्षित कार्यक्रमहरु वास्तविक लक्षित वर्ग सम्म पुर्याउने ।
- नागरिकको अपेक्षा बढी हुनु र अपेक्षा अनुसार सम्बोधन गर्न पर्याप्त बजेटको व्यवस्था नहुनु ।
- बजेटको लागि संघ तथा प्रदेश सरकारसंग निर्भर पर्नु ।

**गाउँसभाका सदस्यज्यूहरु**

अन्त्यमा, गाउँपालिकाले हालसम्म गरेका प्रगतिहरुको लागि उपाध्यक्ष सहित सम्पूर्ण जनप्रतिनिधि एवं प्रमुख प्रशासकीय अधिकृत लगायत सम्पूर्ण शाखा प्रमुख तथा कर्मचारीहरुलाई हार्दिक धन्यवाद दिंदै हाल देखिएका समस्याहरुलाई समाधान गर्दै चुनौतीको सामना गर्न सबै सरोकारवाला सदस्यज्यूहरु र कर्मचारीहरुलाई हार्दिक अनुरोध गर्दछु । जनता-राजनीतिदल-जनप्रतिनिधि र कर्मचारीको संयोजनमा रुरुक्षेत्र गाउँपालिका अन्य गाउँपालिका भन्दा अग्रणी स्थानमा रहेको हुँदा आगामी दिनमा पनि यहाँहरुको साथ सहयोग तन, मन र कर्मले प्राप्त हुनेछ भन्ने अपेक्षा गर्दछु । यस सभाको तयारी एवं व्यवस्थानको लागि सहयोग गर्नुहुने गाउँसभाका सदस्यज्यूहरु, प्रमुख प्रशासकीय अधिकृत लगायत सबै कर्मचारीहरु एवं सम्पूर्ण गाउँपालिकावासीहरुलाई हार्दिक धन्यवाद ज्ञापन गर्दछु ।

धन्यवाद ।

जय रुरुक्षेत्र ।

(यदु ज्ञवाली)
अध्यक्ष

मिति : २०८१।०९।२४ गते

## अनुसूची: १

**संशोधन तथा रकमान्तरको लागि पेश भएका योजना तथा कार्यक्रमहरु:**

| साविक योजना तथा कार्यक्रमको नाम | रकम | कायम गर्नुपर्ने योजनाको नाम | रकम |
|---|---|---|---|
| राजुका रुख काउले तागबास खा.पा. तथा सभाहल पधेरा खा.पा., रुरुक्षेत्र-५ | २,२५,०००/- | राजुका रुख काउले तागबास खा.पा., रुरुक्षेत्र-५ | २,२५,०००/- |
| वकेन खेल मैदान घेराबार, रुरुक्षेत्र-६ | १,००,०००/- | वकेन खेल मैदान व्यवस्थापन, रुरुक्षेत्र-६ | १,००,०००/- |
| ६ घनको घैला निर्माण, (साविक-२), रिमुवा | १,००,०००/- | घैला निर्माण, (साविक-२), रिमुवा | १,००,०००/- |
| सिद्धबाबा मन्दिरमा ट्रस तथा बजादी मो.बा. निर्माण, रुरुक्षेत्र-६ | २,२५,०००/- | सिद्धबाबा मन्दिर नया भवन निर्माण, रुरुक्षेत्र-६ | २,२५,०००/- |
| बेशीकाचौर वाल कक्षा र आर्यमाता मन्दिर व्यवस्थापन, रुरुक्षेत्र-२ | ७५,०००/- | आर्यमाता मन्दिर व्यवस्थापन, रुरुक्षेत्र-२ | ७५,०००/- |
| कोन्द्रा सामुदायिक भवन शौचालय निर्माण, रुरुक्षेत्र-२ | २,००,०००/- | कोन्द्रा मण्डलीथान ट्रस निर्माण, रुरुक्षेत्र-२ | २,००,०००/- |
| स्वामीका रुख खनिडाँडा गो.बाटो निर्माण, रुरुक्षेत्र-१ | १,००,०००/- | नाईडाँडा ठुलापोखरेटोल पैदल मार्ग निर्माण ( अधुरो), रुरुक्षेत्र-१ | ५०,०००/- |
| | | खत्रीटोल मो.बा. हेम पाईप व्यवस्थापन, रुरुक्षेत्र-१ | ५०,०००/- |
| लिफ्टिङ्ग खानेपानी अनुदान | २५,००,०००/- | उखु प्रशोधन केन्द्र सहकारी मार्फत निर्माण तथा व्यवस्थापन, रुरुक्षेत्र-४ | २०,००,०००/- |
| रोजगार कार्यक्रम संचालन खर्च | १३,००,०००/- | सवारी साधन मर्मत | १०,००,०००/- |
| SMS प्रणाली खर्च | २,००,०००/- | औषधी खरिद | ५,००,०००/- |
| कर्मचारी तालिम | ३,००,०००/- | मोटरबाटो सरसफाई, वडा नं. १ र ३ | ५,००,०००/- |
| तालिम तथा गोष्ठी | १,००,०००/- | कृषि उपज संकलन केन्द्र निर्माण | ७१,०००/- |
| बजार अनुगमन | १,००,०००/- | रानीवास कभर्डहल व्यवस्थापन | ६,००,०००/- |
| अवलोकन भ्रमण | ७,००,०००/- | पालिका पहुँचमार्ग जाली व्यवस्थापन | ७,५०,०००/- |
| सामाजिक सुरक्षा कोष | ५,००,०००/- | गुल्मी जिल्ला रुरुक्षेत्र गा.पा. ५ धोविघाट-ट्रि हाउस पैदलमार्ग निर्माण | २,३७,०००/- |
| प्रोत्साहन भत्ता | १५,००,०००/- | ऐतिहासिक शिवालय मन्दिर पुन:निर्माण तथा संरक्षण, रुरुक्षेत्र-४, मुसिडाँडा | २,६३,०००/- |

| | | | |
|---|---|---|---|
| स्काउट कार्यक्रम | ५,००,०००/- | अधुरो भयरथान मन्दिर संरक्षण र ज्ञवा दुर्गा मन्दिर एकिकृत विकास योजना, रुरुक्षेत्र-४ | ३,४८,०००/- |
| हरेक सुक्रबार एक सिर्जनशिल कार्यक्रम संचालन | २,५०,०००/- | ४ नं. वडा कार्यालय रंगरोगन | १,८३,०००/- |
| एक विद्यालय एक करेसाबरी कार्यक्रम | ८०,०००/- | अस्थायी शिक्षक तलब भत्ता (२ जना) | ५,००,०००/- |
| सहकारी लेखा व्यवस्थापन तालिम | १,२१,५००/- | रह खानेपानी योजना, वडा नं. ३ | १,३०,०००/- |
| वडा नं. २ को वडा कार्यालय संचालन विविध | ५०,०००/- | फल्लेपिपल सागरपोखरी मो.बा., वडा नं. ३ | ३,००,०००/- |
| कृषकसँग कृषि प्राविधिक | ४,५०,०००/- | लामाचौपारी विश्रामस्थल तथा विष्णु मुर्ति निर्माण | ८,४७,०००/- |
| न्यूनतम सेवा मापदण्ड पूरा गर्न स्वास्थ्य संस्थाको लागि सामाग्री खरिद | ४,००,०००/- | शृङ्गेश्वर तपोभूमि धाम एकिकृत पर्यटकीय् पूर्वाधार निर्माण, रुरुक्षेत्र-४ | ७,०६,०००/- |
| इ.सि.जी. मेसिन खरिद | २,००,०००/- | भट्कुवा मो.बा. ( सडकवोर्डसँग साझेदारी) | ६,५४,०००/- |
| गाउँघर क्लिनिक तथा स्वास्थ्य संस्थाहरुको लागि आवश्यक औषधी तथा सामाग्री खरिद | २,५०,०००/- | छोरी बुहारीलाई छात्रबृत्ती प्रदान गर्ने कार्यक्रम | ६०,०००/- |
| अन्य भाडा | १,००,०००/- | सहकारी संस्थाको सुदृढीकरण कार्यक्रम | १,२१,५००/- |
| औषधी उपचार खर्च | ३,००,०००/- | बालकक्षा व्यवस्थापन, वेशिकाचौर | २०,०००/- |
| विपद् व्यवस्थापन | २५,००,०००/- | खुर्सानीटोल मूल सटखोला खा.पा. व्यवस्थापन, वडा नं. २ | ३०,०००/- |
| विविध कार्यक्रम खर्च | २,२०,०००/- | कृषि यन्त्र उपकरण लगायतका सामाग्री वितरण ( ५० प्रतिशत अनुदान) | ४,५०,०००/- |
| आन्तरिक आम्दानीमा वृद्धि अनुमान | १९,८४,०००/- | आमपोखरा लामाखर्क कफी अनुसन्धान मो.बा. DPR निर्माण | ८,००,०००/- |
| अन्य आम्दानी | २०,००,०००/- | कफी अनुसन्धान केन्द्र चौतारा बगाउने मो.बा. DPR निर्माण | ८,००,०००/- |
| | | देवदत्त पार्क देखी कालीगण्डकी गाउँपालिकामा अवस्थित हनुमान बाटिकासम्म जिप लाईन निर्माण को लागि DPR निर्माण | ८,००,०००/- |

| | | | |
|---|---|---|---|
| | | विद्यालयमा विद्यार्थीको मुटु परीक्षण कार्यक्रम | २,२०,०००/- |
| | | रुरु स्वास्थ्य चौकी भवन मर्मत, रुरुक्षेत्र-१ | ५०,०००/- |
| | | गौतमटोल घोडेटोबाटो निर्माण योजना | २,०५,०००/- |
| | | ठाडाखोला खहरे सिंचाई कुलो मर्मत | ६०,०००/- |
| | | तालखोला सल्याप कल्भर्ट निर्माण | ९,००,०००/- |
| | | घर भाडा | ६०,०००/- |
| | | गोरु प्रवद्धन कार्यक्रम | २,६५,०००/- |
| | | १ नं. वडा कार्यालयमा सिडी, गेट, रेलिङ्ग निर्माण | ५०,०००/- |
| | | ८० प्रतिशत अनुदानमा थ्रेसर मेसिन खरिद | ३,२५,०००/- |
| | | विविध भैपरी पुँजीगत | ९,००,०००/- |
| | | नदीजन्य पदार्थ उत्खनन्को लागि IEE निर्माण | ५,००,०००/- |
| | | कृषि ऋणमा अनुदान (५० प्रतिशत व्याजमा अनुदान) | ४,००,०००/- |
| | | लागत साझेदारीमा विद्युतिय चुलो वितरण कार्यक्रम | १०,८०,०००/- |
| | | लागत साझेदारीमा स्मार्ट सडक बत्ती जडान | १०,००,०००/- |
| कुल जम्मा (आम्दानी) | १,९७,१०,५००/- | कुल जम्मा (खर्च) | १,९७,१०,५००/- |